☎ ०८२-५४००५०
☎ ०८२-५४०८५०

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

प.सं.: २०७८/०७९ च.नं.: मिति: २०७८/११/१०

## खोज तथा उद्धार सामग्री खरिदको विद्युतीय शिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

*दोस्रो पटक सूचना प्रकाशित मिति:२०७८/११/१०*

यस लमही नगरपालिका लमही, दाङलाई आवश्यक पर्ने खोज तथा उद्धार सामग्री खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० तथा नियमावली २०६४ को नियम ८४ अनुसार विद्युतीय शिलबन्दी दरभाउपत्रको माध्यमवाट तोकिएको म्याद भित्र इच्छुक फर्म/कम्पनीहरुले दरभाउपत्र खरिद गरि देहायको मिति र समय भित्र तपसिलको शर्त बमोजिम विद्युतीय शिलबन्दी दरभाउपत्र यस कार्यालयमा **www.bolpatra.gov.np** माध्यम द्वारा पेश गर्नुहुन सूचित गरिन्छ ।

तपसिल

१. यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन मिति २०७८/११/२४ सम्म कार्यालय समय भित्र व्यवसायी दर्ता प्रमाण पत्र नविकरण प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, स्थायी लेखा प्रमाण पत्र तथा आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि सहित निवेदन पेश गरि **www.bolpatra.gov.np** र यस लमही नगरपालिका वाट रु. १०००।- (एक हजार) मा फिर्ता नहुने गरी यस लमही नगरपालिकाको नाममा रहेको आन्तरिक राजस्व रा.वा.बैंक लमही, दाङ खाता नं. ४२९०१००३०१०१०००२ मा जम्मा गरेको भौचर वा लमही न.पा. राजस्व शाखामा दरभाउपत्र दस्तुर बुझाइ दरभाउपत्र खरिद गर्न सकिने छ ।

२. बिक्री भईसकेको विद्युतीय दरभाउपत्रहरु सिलबन्दी गरी १६ औं मिति २०७८/११/२५ दिन दिनको १२:०० बजे सम्म दर्ता गराई सक्नुपर्ने छ र सोही दिनको २.०० बजे दर्ता हुन आएका दरभाउपत्रहरु कार्यालय प्रतिनिधिहरु र दरभाउपत्रदाताको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थिती नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्रदाताले दरभाउपत्र र तोकिए बमोजिम धरौटी रकम यस कार्यालयको नाममा रहेको रा.वा.बैंक लमही, दाङ धरौटी खाता नं. ४२९०१००३०३००००००२ मा जम्मा गरेको बैंक भौचर वा सो बराबरको खोलिने अन्तिम मितिले ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी सिलबन्दी दरभाउपत्र साथ पेस गर्नुपर्ने छ ।

३. दरभाउपत्र खोल्ने दिन बिदा परेमा उक्त कार्यहरु कार्यालय खुलेको दिन हुनेछ ।

४. दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.व. को लागि भएकाले असार मसान्तसम्म कुनै प्रकारको मूल्य वृद्धिलाई स्वीकार गरिने छैन । साथै यस नगरपालिकालाई आवश्यक पर्ने परिमाणमा सामान उपलब्ध गराउनु पर्नेछ ।

६. दरभाउपत्रमा कबोल गरेको दररेट अंक र अक्षर दुवैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउंमा सही छाप गरेको हुनुपर्नेछ ।

७. दरभाउपत्र प्याकेज अनुसार मूल्यांकन गरिने छ । दरभाउपत्र स्वीकार गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

८. खोज तथा उद्धार सामग्री सूचना बमोजिम हुनुपर्नेछ ।

९. सार्वजनकि खरिद नियमावली, २०६४ को नियम ४० (ङ) अनुसार दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभए आफ्नो स्वार्थ नबाझिएको पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा स्वयं घोषणा गरेको पेश गर्नुपर्नेछ । स्वयं घोषणापत्र पेश नगरेको दरभाउपत्रलाई मान्यता दिइने छैन ।

१०. यस सूचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा नियमानुसार हुनेछ ।

११. खोज तथा उद्धार सामग्री विवरण-

| क.सं. | दरभाउपत्र नं. | सामग्रीको विवरण | फारम दस्तुर रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|
| १. | जिन्सी ०४ ख/२०७८/०७९ | खोज तथा उद्धार सामग्री खरिद | १,०००/- | ६०,०००/- |

.............................................
गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत